नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २८७ | २०८० साल असार ९ गते शनिबार | (24 June 2023 Saturday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसमा ३१ प्रतिशत बजेट.. ३ पृष्ठमा : राष्ट्रपतिबाट प्रमाणीकरण नागरिकता ... ३ पृष्ठमा रुपनी राइडर्स र बलान ...

# विष्णुपुरको नीति तथा कार्यक्रममा प्रत्येक वडामा पार्कदेखी मुख्य चौकमा रात्री बजारको योजना




**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सप्तरीको विष्णुपुर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रममा प्रत्येक वडामा पार्कदेखी मुख्य चौकमा रात्रीकालिन बजार संचालनमा ल्याउने सम्मको योजना समावेश गरिएको छ ।

शुक्रबार सम्पन्न ११ औं गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रममा यस्तो योजना समावेश गरिएको हो । प्रस्तुत नीति तथा कार्यक्रममा आगामी आर्थिक वर्षका लागि ३६ करोड रुँपैया भन्दा बढीको बजेट बिनियोजन गरिएको छ ।

गाउँसभामा अध्यक्ष उमेश प्रसाद यादवले संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने रकमका साथै आन्तरिक आम्दानी, दातृ निकाय एवं विभिन्न संघ संस्थाबाट प्राप्त हुने रकमको आधारमा आगामी २०८०/८१ को बजेट तथा नीति कार्यक्रम तयार पारिएको बताए ।

प्रस्तुत बजेटमा कृषि, शिक्षा, स्वास्थ्य र सडकलाई उच्च प्राथमिकतामा राखिएको छ । यस्तै रोजगार, खेलकुद, सीप विकास, गरिबी निवारण, पत्रकारितालाई पनि आगामी नीति तथा कार्यक्रममा समेटिएको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा ४८ करोड ८३ लाख ९४ हजार २ सय ९७ रुँपैया बजेट तय गरिएकोमा यस वर्ष झण्डै १२ करोडले बजेट घट्न गएको प्रमुख प्रशासकीय अधिकृत किशोर कुमार रामले बताए ।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा संविधानको भावना र मर्म, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पठाइएको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्ददर्शन, अर्थ मन्त्रालयबाट जारि स्थानिय तहमा बजेट तर्जुमा कार्यबिधी तथा सम्बन्धीत क्षेत्रका विज्ञहरुबाट प्राप्त सुझावलाई आधार बनाइएको गाउँपालिका अध्यक्ष यादवले जानकारी दिए ।

परम्परागत खेती प्रणालीलाई आधुनिक खेती प्रणालीमा रुपान्तरण गर्ने, कृषि बाली तथा पशु बिमा गरि कृषकहरुको जोखिमलाई न्युनिकरण गर्ने, कृषि उपज संकलन र बजार व्यवस्थापनको पूर्वाधार निर्माण तयार गर्ने, कृषकलाई समयमै र सहज ढंगले मल, बिऊबिजन तथा कृषि सामाग्रि उपलब्ध गराउने र सिचाईका लागि कृषि विद्युतीकरण बिस्तार गर्ने लगायतका योजना नीति तथा कार्यक्रममा समेटिएको छ ।

यस्तै सहरी सुन्दरता एवं पर्यटन बिकासका लागि एक वडा एक पार्क निर्माण, बृक्षारोपन, स्थानिय सरकार र उद्योग बाणिज्य संघको सहकार्यमा सघन बजार क्षेत्रमा रात्रीकालिन बजारको सुरुवात, मुख्य चौक र गाउँपालिका प्रवेश द्वारमा पर्यटकीय दृश्यसहित डिजिटल डिस्प्ले/बिल बोर्ड जडान, कृषि सडक, कृषि बजार, सीत भण्डार, गोदाम घरहरुको पूर्वाधार निर्माण, मुख्य बजार क्षेत्रमा सिसि क्यामरा जडान, आगलागि नियन्त्रणका लागि बारुणयन्त्र खरीद, विपन्न र न्युन आय भएका घरपरिवारको पहिचान गरि परिचय पत्र बितरण लगायतका योजना नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

यस्तै पत्रकारको बृद्धि विकासका लागि पत्रकार महासंघको समन्वयमा विभिन्न गतिविधी संचालन गर्ने, जनहीतकारी सूचनामा स्थानिय संचार माधयमलाई प्राथमिकता, गाउँपालिकाको टेलिभिजन प्रशासरण कार्यक्रम संचालन गर्ने, गाउँ सभाबाट हालसम्म निर्माण भएका ऐन, नियम तथा कानुनहरुलाई संग्रह गरि स्थानिय कानुन संग्रह प्रकाशन गर्ने, राजविराज विमानस्थलसम्म पुग्ने सडकलाई १० मिटर चौडाईको बनाउने लगायतका योजना पनि बजेटमा समेटिएको छ ।

# कित्ताकाट फुकाउने निर्णय कार्यान्वयन गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

नेपाल जग्गा तथा आवास विकास महासंघले कित्ताकाट फुकाउने निर्णय कार्यान्वयन गर्न माग गरेको छ ।

कित्ताकाट फुकुवामा भइरहेको ढिलासुस्ती प्रति आपत्ति जनाउँदै महासंघले घरजग्गा क्षेत्र चलायमान नहुँदा देशको समग्र आर्थिक गतिविधि सुस्त बन्दै गएको शुक्रबार जारी भएको विज्ञप्तिमा उल्लेख गरेको उल्लेख गरेको छ ।

घरजग्गा क्षेत्रलाई चलायमान गर्न कित्ताकाटलाई सहजीकरण गर्ने भनी प्रधानमन्त्री तहबाटै अभिव्यक्ति प्रकट भएसँगै केही उत्साहित बनाएपनि कित्ताकाट सहज बनाउने मन्त्रिपरिषद्को गत वैशाख ५ गतेको निर्णय हालसम्म कार्यान्वयन नगरिंदा निराशा बढेको महासंघले जनाएको छ ।

कित्ताकाट खुकुलो गरी घरजग्गा क्षेत्रको कारोबारलाई सरलीकरण गर्दै अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने महत्वपूर्ण दायित्वबाट सरकार पन्छिन खोजेको देख्दा हामी निकै चिन्तित बनेका छौं,' विज्ञप्तिमा भनिएको छ,' नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा अर्थमन्त्रीबाट घरजग्गा कारोबारलाई विस्तार गर्न कित्ताकाट फुकुवा गर्ने सरकारको नीति स्पष्ट भएको बताउँदा समेत यस सम्बन्धी कानूनी प्रक्रिया अझ टुँगो लाग्न सकेको छैन । यस्तो अवस्थाले सरकार र राज्य संयन्त्र प्रतिको विश्वास कम हुँदै गएको हो कि भन्ने भान हामीलाई परेको छ ।'

विज्ञप्तिमा थप भनिएको

*बाँकी दुई पृष्ठमा*

# मधेशमा कम बजेट विनियोजन भएको कुरा साँचो होइन : प्रधानमन्त्री

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेशमा कम बजेट विनियोजन भएको कुरा साँचो नभएको बताएका छन् ।

प्रतिनिधि सभामा प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रममा नेपाली कांग्रेसका सांसद अजयकुमार चौरसियाले ७० प्रतिशत राजस्व उठ्ने र जनसंख्या पनि अन्य प्रदेशभन्दा बढी भएको मधेशमा कम बजेट विनियोजन गरिएको बताउँदै त्यसबारेमा प्रधानमन्त्रीसँग जवाफ मागेका थिए ।

'वीरगञ्ज प्राथमिकतामा किन परेन ? वीरगञ्ज सहर स्तरोन्नतीका लागि के कार्यक्रम आएको छ ? नारायणी उपक्षेत्रीय अपक्षेत्रीय अस्पताल, ठाकूराम बहुमुखी क्याम्पस, आदर्शनगर र नारायणी रंगशालाको स्तरोन्नतीका लागि कति रकम विनियोजन भएको छ?,' उनले प्रधानन्त्रीलाई सोधे ।

जवाफमा प्रधानमन्त्री प्रचण्डले मधेस प्रदेशमा पनि यथेष्ट बजेट छुट्याइएको दाबी गरे । उनले संघीयताको मर्म अनुरुप संघबाट प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको १५ प्रतिशतभन्दा बढी रकम मधेश प्रदेशमा नै जाने गरेको बताए।

'यसका अतिरिक्त संघबाट सञ्चालन हुने पूर्वपश्चिम राजमार्ग, पथलहिया-वीरगंज करिडोर , चन्द्रपुर-गौर राजमार्ग, हुलाकी राजमार्ग, सुनकोशी- मरिण डाइभर्सन, बागमती-कमला-चन्द्रनहर लगायतका सिञ्चाइ आयोजना विभिन्न औद्योगिक पूर्वाधार तथा व्यापारिक पूर्वाधार आयोजनाहरू, तराई मधेसलाई लक्षित गरी अगाडि बढेका छन्,' उनले भने ।

त्यस्तै तराइ- मधेश समृद्धि कार्यक्रम, मधेसलाई काठमाडौंसँग जोड्ने द्रुतमार्ग लगायतका ठूला परियोजनाहरू मधेश प्रदेशमा नै पर्ने र तिनको समयवद्ध

*बाँकी अन्तिम पृष्ठमा*

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**पखालाबाट बचौं र बचाऔं।**

पखाला लाग्न नदिन,

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भ्रष्टाचार रोक्न तल्लो स्तरबाटै जनता जागरुक हुनु आवश्यक

भ्रष्टाचार भन्ने शब्दलाई हामी आर्थिक अनियमितता साग जोडेर बुझ्ने गर्छौं । आफूलाई आर्थिक रुपमा फाइदा पुग्ने नियतले गरिने क्रियाकलापलाई भ्रष्टाचार भन्ने बुझिन्छ । यस बाहेक सार्वजनिक वा आफूले घुस, नलिएको व्यक्तिलाई हानि पुऱ्याउने नियतले प्रेरित भई एउटै नीतको विनियमको कानुनको अलगअलग अर्थ लगाई खासलाई फाइदा पुऱ्याउने र अन्यलाई बेफाइदा पुऱ्याउने गरी अर्थ लगाउनु वा निर्णय गर्नुलाई नैतिक भ्रष्टाचार भनिन्छ ।

आर्थिक भ्रष्टाचारले व्यक्ति समाज र राष्ट्रलाई क्षणिक बढी र दीर्घकालिन रुपमा केही कम प्रभाव पर्छ भने नीतिगत भ्रष्टाचारले तत्काल खासै प्रभाव नपारे पनि भविष्यमा खतरनाक र दीर्घकालीन असर पार्छ । नीतिगत भ्रष्टाचार मन्द विषय हो । एउटै विषयको निर्णय गर्दा व्यक्ति पिच्छे घुस खाएर फरक निर्णय गर्नुपर्न पनि नीतिगत भ्रष्टाचर हो । पारदर्शी कार्यप्रक्रिया नबनाई मनमौजी वा तजबिजी निर्णय दिनु पनि नीतिगत भ्रष्टाचार हो । यो राज्यकै तर्फबाट भएको नीतिगत भ्रष्टाचारको नमुना हो । व्यक्तिले त नेपालमा कामै पिच्छे नीतिगत भ्रष्टाचार गर्छन भन्दा आयुक्ति नहोला । फरक कति छ भने कसैले व्यक्तिगत फाइदाका लागि गर्छ, कसैले दबाबका कारण गर्छ ।

तसर्थ यस्ता सबै प्रकारका भ्रष्टाचारलाई रोक्न वा निरुत्साहित गर्न तल्लो स्तरबाटै जनता जागरुक हुनु आवश्यक छ। सो कार्यलाई जनताले निरुत्साहित गर्न नसके भयांकर रुपमा परिणाम आउने कुरामा दुई मत नहोला ।

# मधेसमा ३१ प्रतिशत बजेट मात्र खर्च

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ८ असार ।**

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको ११ महिनामा ३१.२९ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

प्रदेश सरकार तथा मातहतका मन्त्रालय तथा अन्य निकायले चालु आर्थिक वर्षको अन्तिम महिना अर्थात् जम्मा २२ दिन बाँकी रहँदा बजेटको खर्च निराशाजनक देखिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० उपनियम १ र २ मा आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा एक साता अगाडि नै भुक्तानी निकासा बन्द हुने प्रावधान छ । सोहीअनुसार असार २४ पछि सरकारी खाताबाट आर्थिक कारोबार हुँदैन ।

तर, आर्थिक वर्षको अन्तिम महिना ११ औं महिनामा मधेस प्रदेश सरकारले कुल विनियोजित रकमको ३१.२९ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ ।

असार महिनासँगै मन्त्रालयहरूले कामको गति चौगुना बढाएका छन् । सरकारले थालेको कामको अहिलेको गतिअनुसार आर्थिक वर्षको अन्तिमसम्म ५० प्रतिशतसम्म बजेट खर्च हुने प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयको अनुमान छ ।

आर्थिक वर्ष बित्नै लाग्दा अहिले पनि मन्त्रालयहरूले नयाँ कामको सम्झौता गरिरहेको देखिन्छ । यसले भुक्तानीमा अप्ठ्यारो पर्ने देखिन्छ ।

मधेस सरकारले चालु आर्थिक वर्षका लागि ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेकोमा जेठ मसान्तसम्ममा १४ अर्ब ६८ करोड २ लाख ९० हजार ४७७ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षको बाँकी २२ दिनमा मधेस सरकारलाई ३२ अर्ब २४ करोड ८ लाख ४१ हजार ५२३ रुपैयाँ खर्च गर्नुपर्ने छ । प्रदेश सभाका लागि ३८ करोड ८७ लाख ४७ हजार रुपैयाँ विनियोजन गरिएकोमा जेठ मसान्तसम्म १८ करोड ७७ लाख ५१ हजार ७४१ रुपैयाँ खर्च गरेको छ ।

त्यस्तै, प्रदेश लोक सेवा आयोगका लागि ८ करोड ९७ लाख ३० हजार रुपैयाँ विनियोजन गरिएकोमा ३ करोड ९० लाख ६८ हजार ९५३ रुपैयाँ खर्च भएको छ ।

मुख्य महान्यायाधिवक्ता कार्यालयको लागि ४ करोड २ लाख २ हजार ९२० रुपैयाँ विनियोजन गरिएकोमा २ करोड ३८ लाख ६३ हजार ६२० रुपैयाँ खर्च भएको छ ।

यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि ९१ करोड ६९ लाख ७२ हजार ३१९ रुपैयाँ विनियोजन गरिएकोमा १५ करोड ८२ लाख १ हजार ७४६ रुपैयाँ खर्च गरेका छन् ।

अर्थ मन्त्रालयको लागि २३ करोड ४४ लाख ६४ हजार ४०१ रुपैयाँ विनियोजन गरिएकोमा ७ करोड ३९ लाख ५८ हजार २७८ रुपैयाँ मात्र खर्च गरेको छ ।

त्यसैगरी, उद्योग, पर्यटन तथा वन मन्त्रालयको लागि ४ अर्ब ५४ करोड २८ लाख ४८ हजार ६ सय रुपैयाँ विनियोजन गरिएकोमा १ अर्ब ४० करोड ८० लाख ७ हजार ९५१ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयको लागि ५ करोड ३४ लाख ५८ हजार ५ सय रुपैयाँ विनियोजन गरिएकोमा २ करोड ४७ लाख १३ हजार ५ सय रुपैयाँ खर्च भएको छ ।

यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि २ अर्ब ४४ करोड २० लाख २७ हजार रुपैयाँ विनियोजन गरिएकोमा मन्त्रालयले जेठ मसान्तसम्म ५६ करोड ३२ लाख ९ हजार ७ रुपैयाँ खर्च गरेको छ ।

खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको लागि १ अर्ब ६८ करोड ५८ लाख ८४ हजार रुपैयाँ विनियोजन गरिएकोमा ६५ करोड ३ लाख १२ हजार ५०९ रुपैयाँ खर्च भएको छ ।

उता, गृह तथा सञ्चार मन्त्रालयको लागि ५६ करोड ८२ लाख ३६ हजार रुपैयाँ विनियोजन गरिएकोमा १५ करोड ८८ लाख ८ लाख ८२ हजार १९४ रुपैयाँ खर्च गरेको छ ।

वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयको लागि ४ करोड १७ लाख ६३ हजार ८५२ रुपैयाँ विनियोजन गरिएकोमा १ करोड २ लाख ९४ हजार ६६८ रुपैयाँ खर्च गरेको छ ।

यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि १८ अर्ब ३३ करोड ४९ लाख ३० हजार ७९९ रुपैयाँ विनियोजन गरिएकोमा जेठ मसान्तसम्म ५ अर्ब ३१ करोड २२ लाख ६२ हजार ६१४ रुपैयाँ खर्च गरेको छ ।

महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयका लागि ५७ करोड ५५ लाख ३४ हजार रुपैयाँ विनियोजन गरेकोमा जेठ मसान्तसम्म ८ करोड ७९ लाख ९३ हजार रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

सामाजिक विकास मन्त्रालयको लागि ८ अर्ब ७ करोड २१ लाख ३४ हजार १९० रुपैयाँ विनियोजन गरिएकोमा चालु आवको ११ महिनामा ४ अर्ब ८६ करोड १३ लाख २७ हजार ६४८ रुपैयाँ खर्च हुन सकेको छ ।

प्रदेश नीति तथा योजना आयोगका लागि ७ करोड ३ लाख ९५ हजार रुपैयाँ विनियोजन गरेकोमा ५९ लाख ३३ हजार ३७ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

यस्तै, सरकारले आन्तरिक ऋण शीर्षकतर्फ विनियोजन गरेको १६ करोड ६४ लाख ५६ हजार रुपैयाँमध्ये गत जेठ महिनासम्म खर्च नै भएको देखिँदैन । त्यसैगरी अर्थ विविधतर्फ ४ अर्ब ५५ करोड ४८ लाख ९२ हजार ४१९ रुपैयाँमध्ये १५ करोड रुपैयाँ खर्च निकासा भएको छ ।

त्यस्तै, स्थानीय तहको लागि ४ अर्ब १४ करोड १५ लाख रुपैयाँ विनियोजन गरिएकोमा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ९६ करोड ४४ लाख ८७ हजार ६८५ रुपैयाँ खर्च निकासा भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पदभार ग्रहण गरे लगत्तै मधेस प्रदेश सरकार बुलेट ट्रेनको गतिमा काम गर्ने अभिव्यक्ति दिएका थिए । तर उनको काम गराई बयलगाडा शैलीमा हिँडेको रातोपाटीले जनाएको छ ।

### किताकाट फुकाउन ...

छ, 'प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्ले गरेको निर्णयसमेत यसरी अलपत्र पारिन्छ भने अरु विषयमा के आशा राख्ने ? यसमा सरकारलाई गम्भीर बन्न हामी अनुरोध गर्दछौं ।'

यसअघि पहिला भू-उपयोग ऐन र यसलाई कार्यान्वयन गर्न भू-उपयोग नियमावली जारी गरी जग्गा वर्गीकरण गरिसकेपछि मात्र सोही बमोजिम कित्ताकाट गर्नुपर्नेमा सरकारले त्यसो नगरी उल्टो बाटो स्वरुप २०७४ साउन २६ मा नै कित्ताकाट रोकेको महासंघको ठहर छ ।

महासंका अनुसार २०७६ सालमा भू-उपयोग ऐन र २०७९ मा भू-उपयोग नियमावली जारी भएपछि सरकारले जग्गा वर्गीकरणका लागि ६ महिनाको समयसिमा तोकी दिएको भए तापनि यस अवधिमा केही स्थानीय तहबाहेक अधिकांशले जग्गा वर्गीकरण गर्न सकेका छैनन् ।

'यसको परिमाणस्वरुप कित्ताकाटको प्रकृया असहज एवं अपारदर्शी बन्दै गएको छ । सरकारको यस्तो रवैयाबाट हामीलाई मुलुक फेरि ५ वर्षअघि कै अवस्थामा फर्किएको आभास भएकोले यसप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' महासंघले भनेको छ,' नेपाल सरकार, मन्त्रिपरिषद् स्वयंले नीति-निर्माता, अर्थ विज्ञ तथा उद्योगी व्यवसायीहरु समेतको रायसुझावका आधारमा गत ५ वैशाखमा कित्ताकाट खोल्ने निर्णय गरेकोमा सरकारले त्यसलाई हालसम्म सार्वजनिक नगर्दा कित्ताकाटको समस्या झन् बल्झिन गएको छ । यसबाट लाखौं जनता प्रभावित र प्रताडित बन्न पुगेका छन् ।'

सरकारको अपारदर्शी व्यवहारबाट नेपालको रियल स्टेट क्षेत्र एवम् यसमा आश्रित व्यवसायीहरुका अतिरिक्त सर्वसाधारण जनता समेतलाई निकै दुःखित र प्रताडित बनाएको महासंघले बताएको छ ।

'मन्त्रिपरिषद्बाटै निर्णय भइसकेको विषयलाई कसैको दबाब र प्रभावमा परेर फिर्ता गर्दै पुनः छलफल भन्दै लामो समयसम्म अड्काई राख्ने राज्य संयन्त्रको रवैयाप्रति हामी सम्पूर्ण व्यवसायीहरु खुलारुपमै प्रतिवाद गर्दछौं,' विज्ञप्तिमा भनिएको छ, 'साथै हामी यस प्रकारको गतिविधिलाई रोक्दै कित्ताकाटलाई सहज बनाउनुपर्ने दायित्वबाट सरकार तथा यसका कुनै पनि निकाय पन्छिन हुँदैन भन्ने मत जाहेर गर्दछौं ।'

निर्णय प्रक्रियामा ढिलासुस्ती गर्ने राज्य संयन्त्रको यस्तो चरित्रले समग्र अर्थतन्त्रलाई नै तहसनहस बनाउने महासंघको ठहर छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रपतिबाट प्रमाणीकरण नागरिकता विधेयकलाई प्रथम दृष्टिमै अवैधानिक भन्न मिलेन : सर्वोच्च

**दैनिक समाचारदाता**
**काठमाडौँ, ८ असार ।**

सर्वोच्च अदालतले राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएको नागरिकता विधेयकलाई प्रथम दृष्टिमै अवैधानिक भन्न नमिल्ने बताएको छ । सर्वोच्चका न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले निवेदनमा उठाइएका अन्य जिकिरहरूलाई रिट निवेदनको अन्तिम किनारा गर्दा विचार गरिने गर्दै हाललाई यसअघि नागरिकता विधेयकसम्बन्धमा जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन नमिलेको उल्लेख गरिएको छ ।

अदालतले नेपाली युवाहरूले बेहोरेको नागरिकता विहीनताको स्थिति समेत उल्लेख गरी मन्त्रिपरिषद्ले २०८०।०२।१२ मा गरेको सिफारिस र नेपालको संविधानको धारा ६१ र ६६ का व्यवस्थाहरू समेतलाई मध्यनजर गरेको पाइएको उल्लेख गरेको छ ।

अदालतले नेपालको संविधानको धारा १० अनुसार कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको स्मरण गरेको छ ।

यस्तै संविधानको धारा १० देखि धारा १५ सम्म नागरिकता सम्बन्धी व्यवस्थाहरू गरिएको र उक्त संवैधानिक व्यवस्थाहरूको कार्यान्वयनको लागि नेपाल नागरिकता ऐन, २०६३ मा संशोधन आवश्यक भएबाट नै संसदबाट दुई दुई पटक उक्त संशोधन विधेयक पारित भएको बुझिन आएको उल्लेख छ ।

'यस्तो संशोधन विधेयक संसदबाट पारित भइसकेको अवस्थामा सो विधेयकलाई नेपालको संविधानको धारा १११ को उपधारा (१०) को प्रतिबन्धात्मक वाक्यांशमा गरिएको व्यवस्था अनुसार संसद्को कुनै सदनमा विचाराधीन रहेको विधेयक मान्न नमिल्ने हुँदा प्रतिनिधिसभाको अधिवेशनको अन्त्य भएको कारणले संसदबाट पारित भएको विधेयक निष्क्रिय हुन्छ वा शून्यमा जान्छ भन्न मिल्ने देखिँदैन', अदालतले भनेको छ ।

अदालतले अगाडि भनेको छ, 'यस स्थितिमा संविधानको धारा ६१ को उपधारा (३) अनुसार राष्ट्रिय एकताको प्रवर्धन गर्ने र उपधारा (४) अनुसार संविधानको पालन र संरक्षण गर्ने कर्तव्य रहेको राष्ट्रपतिद्वारा धारा ११३ को उपधारा (४) बमोजिम प्रमाणीकरण नगर्दा सिर्जित संवैधानिक शून्यता एवं जटिलता समेतलाई दृष्टिगत गरी केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ को दफा ३ तथा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६५ बमोजिम प्रतिनिधिसभाका सभामुखबाट प्रमाणित गरी राष्ट्रपति समक्ष पठाइएपछि राष्ट्रपतिको कार्यालयमा नै रहेको विधेयक संविधानको धारा ११३ (४) को व्यवस्था बमोजिम प्रमाणित भएको र सो गर्ने क्रममा नागरिकता विधेयक प्रमाणीकरण नभएबाट परेको जटिलता तथा धेरै नेपाली युवाहरूले बेहोरेको नागरिकता विहीनताको स्थिति समेत उल्लेख गरी मन्त्री परिषद्ले मिति २०८०।०२।१२ मा गरेको सिफारिस र नेपालको संविधानको धारा ६१ र ६६ का व्यवस्थाहरू समेतलाई मध्यनजर गरेको पाइयो ।'

**नागरिकता विधेयकमा कहिले के भएको थियो ?**

नेपालमा नयाँ संविधान लागू भएदेखि नै नागरिकताको विषयमा विवाद सुरू भएको थियो । संविधानमा नै महिला र पुरुषलाई विभेद गर्ने गरी नागरिकता सम्बन्धी व्यवस्था गरिएको थियो । नेपाली पुरुषले विवाह गरेका महिलाले नागरिकता पाउने र महिलाले विवाह गरेका पुरूषले नपाउने विभेदकारी व्यवस्था संविधानमा छ ।

नयाँ संविधान जारी भएपछि २०७५ साल साउन २२ गते पहिलो पटक नागरिकता ऐन संशोधन गर्ने विधेयक प्रतिनिधि सभामा दर्ता भएको थियो । उक्त विधेयकमा सरकारले एकल महिलाले सन्तानलाई नागरिकता दिलाउन 'स्वघोषणा' गर्नुपर्ने जस्तो महिलाको आत्मसम्मानमा चोट पुग्ने खालको व्यवस्था गरेको थियो । विधेयकले पुरूषलाई पहिलो दर्जा र महिलालाई दोस्रो दर्जाको व्यवस्था गरेको थियो ।

२०७५ सालमा प्रतिनिधि सभामा पेस भएको विधेयकमा लामो समय नेपाली पुरूषले विवाह गरेर ल्याएकी महिलाले कहिले नागरिकता पाउने भन्ने विषयमै विवाद भयो । २०७७ साल असार ९ गते राज्य व्यवस्था समितिले वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न विवाह गरेको ७ वर्ष पूरा हुनुपर्ने व्यवस्था सहित प्रतिनिधि सभामा पेश गरेको थियो ।

तर प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ साल पुस ५ गते पहिलो पटक र २०७८ साल जेठ ८ गते दोस्रो पटक प्रतिनिधि सभा विघटन गरिदिए । प्रतिनिधि सभा विघटनपछि पारित हुने क्रममा रहेको नागरिकता विधेयक शून्यमा झरेको थियो ।

तर केपी ओली सरकारले विघटनको पर्सिपल्ट २०७८ जेठ ९ गते नागरिकता ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गऱ्यो । उक्त अध्यादेशमा वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्ने समय अवधि तोकिएको थिएन । तर उक्त अध्यादेश सर्वोच्च अदालतले २०७८ जेठ २७ कार्यान्वयन गर्नबाट रोकेको थियो ।

अदालतले प्रतिनिधि सभा विघटन बदर गरेसँगै केपी ओली नेतृत्वको सरकार ढल्न पुग्यो । कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा प्रधानमन्त्री बने । प्रतिनिधि सभा ब्युँतिएसँगै प्रतिनिधि सभामा पारित हुने चरणमा रहेको नागरिकता विधेयक पनि सक्रिय भयो । तर देउवा नेतृत्वको सरकारले २०७९ असार २३ गते नागरिकता विधेयक फिर्ता लियो ।

गृहमन्त्री बालकृष्ण खाँणले दुइ दिनपछि असार २५ गते नयाँ विधेयक दर्ता गराए । नयाँ विधेयकमा अदालतले कार्यान्वयन गर्न रोकेको केपी ओली सरकारले ल्याएको नागरिकता अध्यादेशको व्यवस्था हुबहु थियो ।

नयाँ विधेयक ल्याउँदा सरकारले राज्य व्यवस्था समितिले पारित गरेको वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्न ७ वर्ष समय राख्नुपर्ने विषय समेटेन। बरू उक्त विषयमा मौन बस्यो । विधेयकममा विदेशमा रहेका गैर आवासीय नेपाली ( एनआरएन) लाई नागरिकता, जन्मसिद्ध नागरिकता प्राप्त गरेका बाबु र आमाका सन्तानलाई वंशजको नागरिकता प्रदान गर्ने व्यवस्था प्रस्ताव गरियो ।

यसरी देउवा सरकारले अघि बढाएको नागरिकता विधेयक २०७९ साल साउन ६ गते प्रतिनिधि सभाबाट पारित भयो भने साउन १२ गते राष्ट्रिय सभाबाट पारित भयो ।

तर सङ्घीय संसद्का दुवै सदनले पारित गरेर गरेर पठाएको विधेयक २०७९ साल साउन २९ गते पुनर्विचारका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले संसदमा फिर्ता गरिदिइन् ।


फिर्ता भएको विधेयकमाथि केही समय राजनीति चल्यो । राष्ट्रपतिको सुझावलाई बेवास्ता गर्दै प्रतिनिधि सभाले २०७९ भदौ २ गते र राष्ट्रिय सभाले भदौ १७ गते नागरिकता विधेयक बिना कुनै परिमार्जन पारित गऱ्यो ।

२०७९ साल साउन २० गते सभामुख अग्नि सापकोटाले नागरिकता ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति कहाँ पठाए । तर राष्ट्रपति विद्यादेवी भण्डारीले विधेयक प्रमाणीकरण नगरी रोकेर राखिन् ।

तर नयाँ राष्ट्रपतिमा रामचन्द्र पौडेल चुनिएपछि उनले सरकारको सिफारिसमा विधेयक प्रमाणीकरण गरेका हुन् । २०८० साल जेठ १२ गते मन्त्रिपरिषद्को अनुरोधमा राष्ट्रपतिले जेठ १७ गते विधेयक प्रमाणीकरण गरे । प्रमाणीकरण लगत्तै उक्त विधेयक ऐन बन्यो ।



अनुरोधकर्ता
रुपनी गाउँपालिका, सप्तरी



अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# रुपनी राइडर्स र बलान बिहुल सुपर किंग्स विजयी



**दैनिक समाचारदाता राजविराज, ८ असार ।**

राजविराजमा जारि सप्तरी प्रिमियर लिगको पाँचौ संस्करण अन्तर्गत शुक्रबार सम्पन्न खेलमा रुपनी राइडर्स र बलान बिहुल सुपर किंग्स विजयी भएका छन् ।

पहिलो खेलमा रुपनी राइडर्सले छिन्नमस्ता लायन्सलाई ५ विकेटले पराजित गरेको छ । छिन्नमस्ताले दिएको १ सय ७७ रनको लक्ष्य रुपनीले १९.२ ओभरमा ५ विकेट क्षतीमा स्प्राप्त गरेको छ ।

रुपनीको ब्याटिंगमा प्लेयर अफ द म्याच समेत घोषित रोहन बिकले ८२ रन बनाए । अरनिको यादवले २७, मुकुन्द यादवले २५ तथा बिकास दासले २३ रन बनाए । रोहन र विकासले ९२ रनको ओपनिंग साझेदारी गर्दै जितको आधार तयार गरे ।

यस अघि टस हारेर ब्याटिंग गरेको छिन्नमस्ता लायन्सले निर्धारित २० ओभरमा ७ विकेट क्षेतीमा १ सय ७६ रन बनाएको थियो । ओपनर शुभ कंसाकारले प्रतियोगिताकै पहिलो शतक बनाउने क्रममा १ सय १८ रन योगदान दिए । कमल खत्रीले १४ तथा हिमांशु दत्ताले १३ रन बनाए । रुपनीका बलर मुकुन्द यादवले ३ तथा जितेन्द्र मुखियाले २ विकेट लिए ।

यस्तै दोश्रो खेलमा बलान बिहुल सुपर किंग्सले राजविराज द किंग्सलाई ८ विकेटले पराजित गऱ्यो । राजविराजले दिएको १ सय २५ रनको लक्ष्य बलान बिहुलले १०.३ ओभरमा २ विकेट मात्र गुमाएर भेटायो ।

बलान बिहुलको ब्याटिङमा प्लेयर अफ द म्याच समेत घोषित हसिम अन्सारीले सर्वाधिक ५२ रन बनाए । कप्तान पवन सर्राफले ३२, सोनु अन्सारीले २५ तथा रुपेश सिंहले १५ रन बनाए । हसिमले सोनुसंग ५५ रनको ओपनिंग साझेदारी गरे भने दोश्रो विकेटको लागि पवनसंग ४२ रन जोड्दै जितको आधार तयार गरे ।

टस हारेर ब्याटिङ गरेको राजविराज द किंगले १९.५ ओभरमा १२४ रन बनायो । अभिषेक कार्कीले सर्वाधिक ३७ रन बनाए भने प्रतिक श्रेष्ठले २२, तृत राज दासले १६ रन बनाए । बलान बिहुलका बलर रुपेश सिंहले ३ तथा विकास दास, रोबिन सिंह र बिष्णु मण्डलले २/२ विकेट लिए ।

### मधेशमा कम ...

कार्यान्वयनका लागि यथेष्ट बजेट विनियोजन गरेको प्रधानमन्त्री प्रचण्डले बताए ।

उनले मधेशमा संचालनमा रहेका कार्ययोजनाहरूमा आवश्यकताका आधारमा बजेट विनियोजन हुने भएकाले बजेटको अंकसँगै त्यसले पार्ने बृहत्तर प्रभावलाई समेत सकारात्मक रूपमा लिइदिन सांसदहरूला आग्रह गरे । प्रधानमन्त्री प्रचण्डले वीरगञ्जको विकास सरकाको प्राथमिकतामा रहेको बताए ।

त्यस्तै नारायणी रंगशालामा आगामी वर्षका लागि १ करोड ५० लाख, नारायणी अस्पतालका लागि ४१ करोड ३० लाख, ठाकुरराम बहूमुखी क्याम्पसका लागि विश्वविद्यालय अनुदान आयोगमार्फत अनुदान जाने व्यवस्था मिलाइएको प्रधानमन्त्रीले बताए ।


## बाढीबाट बच्ने उपायहरु




अनुरोधकर्ता
डाक्नेश्वरी नगरपालिका, सप्तरी



## लम्पी स्किन रोगबारे अत्यन्त जरुरी सूचना

देशैभरि लम्पी स्किन रोगको प्रकोप फैलिएको छ । यो रोग झिंगा (डाँस), भुसुना, लामखुट्टे किर्नाको टोकाइबाट सर्ने सङ्क्रामक रोग हो । गाई, भैसीको छालामा साह्रौ गिर्खा देखिने र उच्च ज्वरो आउने गर्दछ । दूध समेत उत्पादन घट्छ ।

**रोग देखिएका गाई-भैंसीलाई गरिने प्राथमिक उपचार :**

- ज्वरो घटाउनका लागि पारासिटामोल (वा मेलोकिसकेम) प्रयोग गर्ने
- फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक मलहम प्रयोग गर्ने
- रोगका कारण सिथिल भएको पशुलाई आवश्यकता अनुसार सलाइन दिने
- शरीरमा गिर्खाको संख्या अत्याधिक भएका पशुमा आइभरमेक्टिन सुई लगाउने
- घाउ पाकेको अवस्थामा प्राविधिकको सल्लाह अनुसार एन्टिबायोटिक्सको सुई लगाउने

**रोग लागेका गाई-भैसीको हेरचाह :**

- बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई जोत्ने, गाडा तान्ने काममा नलगाउने
- प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुंडो वा नरम घाँस दिने, दाना, पानी राम्ररी नखाने पशुलाई सख्खर पानी वा गुँड पानी खुवाउने
- गोठमा झिंगा, भुसुना, लामखुट्टे, भुसुना तथा लाग्न नदिन स्प्रे गर्ने, गोठ तथा वरिपरी झाडी सफा गर्ने, गोठ फिनेलको घोलले सफा गर्ने, गोठमा अनावश्यक आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरणमा नलैजाने ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*